# राजयोग नपरेका युवराजहरू

पर्दाको पानीमा, पारि सहरमा, वातावरणमा साँझ झर्दैगरेको अँध्यारो उज्यालो थियो। समुद्रको किनारमा उभिएको त्यसले पानीदेखि पारिपट्टिको सहरतिर हेरेर कराएर सोध्यो, "मुम्बई का किङ कौन...?" एकछिन रोकियो र जवाब पनि आफैँले दियो अझ ठुलो स्वरमा, त्यतिकै ठुलो आत्मविश्वासमा- "भिक्कु म्हात्रे।"

गणेशले आफ्नो शरीरका रौँहरू ठाडा भएका; जिब्रोमा, आँखामा र शरीरभरि नै अचानक तरलता फैलिएको अनुभव गऱ्यो।

सिनेमा सकिएर बाहिर निस्कँदा झमक्कै साँझ परिसकेको रहेछ। हलबाट बाहिर निस्केपछि त्यसलाई अचानक एकदम कडा जाडो लाग्यो। आधाउधी कान छोप्ने गरी त्यसले मफलर मिलायो। ज्याकेटको गोजीबाट पन्जा झिकेर लगायो र सागरलाई भन्यो, "माथिबाट जाऊँ हैन?"

"रात पर्छ," भन्यो सागरले।

गणेशको "भोलि पनि पर्छ नि रात त," सुनेर सागरले "न्याक गर्छ हौ घरमा," भन्यो।

दिलखुसाको अघिल्तिरको दोकानमा एउटा चाम्स किनेर सल्कायो त्यसले। दुई-तीन सर्को तानेपछि अलिक तातिएको अनुभव गऱ्यो। लोटसको अघिल्तिर गएर उभिए दुवै।

साथीहरूको मित्रता जीवनभरिकै हो जस्तो लाग्थ्यो गणेशलाई। तर त्यसको जीवनमा प्रत्येक वर्ष जीवनभरिलाई जस्तो भएर नयाँ-नयाँ साथी आए अनि गए। यो सागर पोहोरदेखिको नयाँ साथी हो गणेशको।

खा कि खा भनेर जबरजस्ती कहिल्यै गरेन सागरले गणेशलाई तर साथीले तान्दा एक सर्कोदेखि दुई सर्को, दुई सर्कोदेखि तीन सर्को भयो। कुन दिन हो एक दिन- एकलै हुँदा त्यसले साथीले किन्ने एक गोल चाम्स किन्यो आठ आनामा।

"पर्सि छब्बीस तारिक," भन्यो गणेशलाई साथीले।

"अनि के त?" कुरा बुझेन त्यसले।

"स्कुल," बतायो साथीले त्यसलाई।

पर्सि फरवरी २६ मा ठन्डा महिनाको छुट्टी सकिएर स्कुल खुलिँदैथ्यो।

"नपढ्ने अबो मो," भन्यो त्यसले सागरलाई।

"नपढेर के गर्छस् अन्त?"

"नपढ्ने," रोकियो त्यो। "एउटै क्लासमा तीन-तीन वर्ष," भनेर "ला," भन्यो त्यसले सागरलाई।

सुरु-सुरुमा तिनीहरू मान्छेहरूअघि सिग्रेट तान्न डराउथे। अलिक पछि चिनेका मान्छेहरूअघि डराउन थाले। निक्कै पछि गाउँका चिनेकाहरूसित डराउन थाले। त्यो डर अब आफन्तहरूमा सीमित भइसकेको थियो। डरलाई लतले त्यसरी पराजित गर्दो रहेछ भन्ने तिनीहरूलाई थाहै थिएन केही अघिसम्म।

तीन-तीन वर्ष गणेशले एउटै क्लासमा पढ्नु परेको थिएन कहिल्यै। त्यसरी पढ्नु त्यसले आफ्नो लागि नयाँ गाह्रो कुरो हुने अनुमान गरेको थियो।

हे हामीहरूका स्वर्गवासी पिता, तपाईंको राज्य हवस्। तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पुरा हवस्। हामीहरूलाई आज दिनभरिको रोटी दिनुहवस्। हाम्रा अपराध क्षमा गर्नुहवस्। जसरी हामीहरूले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ। हामीहरूलाई परीक्षामा नल्याउनुहवस् तर दुष्टबाट जोगाउनुहवस् किनभने राज्य, पराक्रम र महिमा सदा-सर्वदा तपाईंकै हुन्।आमिन –

– भनेर प्रार्थना सकेपछि पङ्क्तिबद्ध रूपमा अल्बर्ट सरले प्रत्येक कक्षाकाहरूलाई श्रेणीकोठा जाने निर्देश दिन्थे। जाने क्रम कुनै दिन पल्लो छेउको दसबाट घट्दै नौ, आठ भएर पाँच कक्षातिर आउँथ्यो, कुनै दिन ओल्लो छेउको पाँचबाट बढेर छ, सात हुँदै दस कक्षातिर जान्थ्यो। कतिचोटि चुटाइ खाइसकेका भए तापनि कतिजना प्रार्थनाको समयमा क्लासमै लुकेर बस्थे र मैदानबाट केटाहरू क्लासतिर जाँदा सिक्स ए र बीको अधिल्तिर उभ्थे – झोलामा लाल पत्थर, मेल, भद्रासे र पानीकागजको पाकिटको तित्री लिएर। जम्मै दस पैसा गोटा।

छको विद्यार्थी थियो गणेश। आइतबार दिउँसो गाउँका साथीहरूसित माथि सडकमा निस्केर निरुद्देश्य उता सर्बेरीतिर लाग्यो त्यो।

सबेरै चढ्ने बाटोको अघिल्तिर भित्ताको नालीमा एउटा हरियो लडेको रहेछ भद्रासे। देखेर चिनेर त्यसले टिप्यो। साथीहरू उफ्रँदै निकै अघि पुगिसकेका थिए। सानो हत्केलाभरिको भद्रासे हेरेर त्यो केही बेर बाटोमै उभिरह्यो, घोरिरह्यो। एकपल्ट त्यसका दृष्टि अघिल्तिरका रुखका फेदबाट चढेर उँभो हाँगाबिगा र पातहरूसम्म पुगे। लगत्तै आए जमिनमा – बाटो मास्तिर, मुन्तिर। घर फर्कँदा त्यसका दुवै गोजी भरिएका थिए।

भोलिपल्ट त्यो स्कुल गयो, हे हामीहरूका स्वर्गवासी पिता... भन्न एसेम्बली गएन। नजाँदाको प्रतिक्रिया अनुमान गऱ्यो त्यसले। कल्पनाका आँखामा लट्ठी बोकेका अल्बर्ट सर आए र गए। झोलाबाट खाता-किताब झिकेर त्यसले डेक्समाथि राख्यो अनि भद्रासे हालेको झोला भिरेर क्लासको बाहिरपट्टि उभियो। एउटा-एउटा गरेर भद्रासे निस्किन्थ्यो झोलाबाट, साटोमा एउटा-एउटा गरेर दस पैसा पस्थ्यो गोजीमा। गन्ने समय थिएन, हिजो बेलुकी दुइटा त्यसले खायो, दुइटा बहिनीलाई दियो र अठारवटा हालेको थियो झोलामा। अठारवटा दस – त्यसले हिसाब निकाल्यो।

टिफिनमा, माथि रेडक्रस झर्ने ओह्रालोको मुखमा त्यसले काटेर खोर्सानी र नुन छर्केका दुइटा आधा सुन्तला किन्यो। एउटा साथीलाई दियो। चाट्दैचाट्दै तिनीहरू रिङ सिनेमा हलको गेट पुगे।

"जाऊँ पोस्टर हेर्नु," भन्यो साथीले गणेशलाई।

त्यस समय तिनीहरू रिङ जान्थे कि त पोस्टर हेर्नु कि त फाइट हेर्नु।

"आजु सेन्टरबोट र मिन्सिबिलको," सुनेको सुनाउँथ्यो एउटाले। हेर्न पुगिहाल्थे केटाहरू खाजा खाने छुट्टीमा।

"आजु सिङमाडी र घुम-जोरबङ्लाको," सुनेपछि खाजा खाने छुट्टीमा फाइट हेर्ने भोकले बिहानदेखि छटपटिन्थे केटाहरू।

"भोलि आइज टिफिनमा, ओपन। वान बाई वान।" भनेपछि निर्धारित समयमा नआउने कुरै हुन्थेन। साथीहरू आइहाले पनि खेल्नचाहिँ एकलै एकलै खेल्थे। अनि ओपन-ले तिनीहरूलाई कम्मरको पेटी र नाडीको कङ्गल पनि खोल्नु दिँदैनथ्यो।

पाँच बजेदेखि ब्रुस लीको पिक्चर सुरु हुन्थ्यो। काउन्टरमा आफ्नाहरूको हात छिराउन कतिजना काउन्टरमाथि झुन्डिन्थे र दुलोमा छिर्नलागेको पैसा पक्रेका अरू मुट्ठीलाई लात हान्थे। थर्डको टिकट काट्नु युद्ध जित्नु बराबर थियो। त्यति

सङ्घर्ष गरेर टिकट काटी भित्र पसेका केटाहरूलाई ब्रुस ली इमानदार बदमास बनाएर बाहिर पठाउँथ्यो।

ब्रुस लीले पढाएको इमानदारीको पाठ तिनीहरू सय प्रतिशत पालन गर्थे। भयलाई जित्ने आकर्षण हुन्थ्यो लडाइँमा। त्यही आकर्षणले आकर्षित बनेर पुग्थे केटाहरू रिङ सिनेमाको आँगन।

सुन्तला चाट्दै-चुस्दै तिनीहरू रिङ सिनेमा हलको गेट पुगे। दाँतले टोकेर तानेर रस तुरिएका आधा केस्राहरू चपाए। मिलेर काटिएका हातका आधा बोक्रालाई एउटाले लात लगाएर पर पुर्‍यायो। अर्कोले पनि साथीको देखासिकी गरिहाल्यो।

हलभित्र चल्दैगरेको सिनेमाका मसिना पोस्टरहरू मिलाएर जालीभित्र टाँसेको पहिले पहिलेजस्तै हेरे तिनीहरूले त्यस दिन पनि रिङको आँगनमा।

लडाइँ परेका, नाचेका, कुनि के के गरेका पोस्टरहरू हेर्दै थिए तिनीहरू। हलबाट मध्यान्तरको हल्ला बाहिर आयो – टोयलेट जाने र मकै, आलुभुजा किनी खानेहरूसित।

"जाने हाप्टाइम?" भनेर सोध्यो गणेशले साथीलाई।

थर्डको दैलोको छेउमा पुगेर उभिएर गणेशले टाउको तन्काएर भित्र हेर्‍यो। सिटहरू खालीखाली रहेछन्।

बाहिर रहल सिनेमा सुरु हुने सूचनाको घन्टी बजिसकेको थियो। भित्रका बत्तीहरू निभे। अन्धकार भयो एकपल्ट आफ्नै साथी पनि नदेखिने।

"खाली छ, बस्," भन्यो गणेशले साथीलाई।

खाली सिट छामेर तिनीहरू बसे।

बेलुकी ठिक समयमा घर पुग्यो गणेश। लुगा फेर्‍यो र लाग्यो सर्बेरीतिर।

दिनहरू बित्दै गए। बिस्तारै, जसरी गणेशको सर्बेरीतिर, अझै उता जु-कै गेटसम्म सोद्देश्य जाने क्रम बढ्दै गयो र त्यसले निरन्तरता पाउन थाल्यो उसरी नै त्यसको बेपार पनि बढ्दै गयो।

त्यस साल गणेश जीवनमा पहिलोचोटि फेल भयो – छ क्लासमा। घरमा

कुटाइ खानुपरेकोले मात्रै होइन, फेल भएकै अनुभव त्यसलाई साँच्चै साह्रै तिक्त अनुभूत भयो।

"औ भानिज, तिमीलाई बेपारले बिगारेको हो। तिमी स्कुल पढ्नु आ'को भा पो!" छको गणेशलाई छमै देखेर छको क्लास टिचर कविराज सरले भनेका थिए।

सातमा र आठमा पनि गणेशले असफल हुँदाको तिक्तता अनुभूत गऱ्यो। तितो अनुभूतिले छकै जस्तो तित्तो आफ्नो गुणचाहिँ त्याग्दै थियो तर।

पुराना साथीहरू कता पुगिसकेका थिए कुनि नयाँ साथीहरूसित अठार वर्षमा नौमा पुग्यो त्यो।

नौमा त्यो सबभन्दा धेर स्कुल भाग्यो। भागेर रिङतिर गयो, क्यापिटलतिर गयो। माथि जापानिस ट्याम्पलतिर गयो। घरै पल्लोपट्टि सधैँ गइरहेको सर्बेरीतिर, जुतिर गयो, त्यहाँदेखि अलिकमुन्तिर भानुग्रामतिर गयो र त्यहीँ एक दिन त्यसले तोङ्बा तान्यो।

नौको ठुलो इक्जाम दियो त्यसले। इक्जाम सकिना साथै पूर्वानुमान गरिसकेको थियो। नौमा पनि त्यसको अनुमानलाई रिजल्टले धोका दिएन। रिजल्ट थापेर मानसिक अनि हार्दिक रूपमा खासै परिवर्तित भएन त्यो। घरिघरिको असफलतामा असफल हुनु सामान्य कुरो भइसकेको थियो त्यसलाई।

त्यस साल पनि त्यो फेल भयो। नयाँ कुरो थिएन त्यो त्यसलाई।

अर्को साल परीक्षा आयो। अघि-अघिजस्तै परीक्षा दियो त्यसले। अघि-अघिजस्तै परीक्षाफल थाप्यो त्यसले। थापेर हेऱ्यो – जीवनमा त्यसले सुनेकै मात्र थियो, पहिलोचोटि अनुभव गऱ्यो – जमिन भासिएको र आकाशले थिचेको।

ठुटा सिग्रेट समातेर "जान्छु," भन्यो सागरले र हिँड्न सुरु गरिहाल्यो। गणेशले साथीलाई त्यहीँ उभेर इकोनोमिक फार्मेसी काटुन्जेल हेरिरह्यो।

ज्याकेटको गोजीमा घुसाऱ्यो दुवै हात गणेशले। कुम उचालिए त्यसका। टाउको अलिकति निहुऱ्यायो र हिँड्न सुरु गऱ्यो त्यसले पनि।

स्टेट ब्याङ्कको अघिल्तिर पुग्दा माथिबाट बुट बजाउँदै छ-सातजना सिआरपीहरू आउँदैथे। अब कुनै एउटाले हातको डन्ठा त्योतिर तेर्स्याएर हिँडिरहेको त्यसलाई रोक्नेछ र सोध्नेछ – कहाँ जा रहे हो?

घर जा रहा हुँ सर – भन्नेछ त्यसले।

सोध्नेले फेरि सोध्नेछ – कहाँ से आ रहे हो?

मामा के घर राजबारी से सर – हिँड्दाहिँड्दै जवाब बनाइसकेको छ त्यसले।

बुटहरूको भयप्रद आवाज नजिक-नजिक हुँदैछ। त्यसले गोजीबाट हात बाहिर निकाल्यो। शरीर बिस्तारै तातिँदैछ त्यसको।

कानकै छेउमा बज्दा त्यो कर्कश आवाज कस्तो आफ्नै मुटु बजेको पनि थाहा पाएको थियो गणेशले।

अब लयबद्ध बुटको आवाज बिस्तारै मधुरो हुँदै जाँदैथ्यो। टाढिँदै गएको त्यसले त्यस लयात्मक ध्वनिलाई सुन्ने प्रयास गऱ्यो। त्यस वातावरणमा त्यो सङ्गीत पूर्णतः बिलाएपछि त्यसले आफ्नो हिँडाइको गति धिमा गऱ्यो अनि निधार छाम्यो।

एकछिन उभेर त्यसले लामो सास फेऱ्यो। सास त्यसको अनुहारअघिल्तिर एकछिन धुवाँ भएर उड्यो र बिलायो।

सो छुटेको पाँच बजी हो – दुई बजीको। साढे पाँच भएको होला – तर अबेर रातको शून्यता थियो चौरस्तामा। प्राय प्राय निर्जन। एउटा सयसले भानु भवनतिरबाट घोडा तानेर टापका आवाजहरू त्योतिर ल्याउँदैथ्यो। रेलिङमा दाहिने खुट्टा टेकेर गणेशले दृष्टिले भ्याएभरि उँधो बजारतिर हेऱ्यो। जनवरीको सिरेटो कान निमोठेर अदृश्य बग्दैथ्यो।

बजारतिर हेरेको त्यसले आँखालाई समुद्रकिनार र मुम्बई सहरको दृश्य दिएर मनमा करायो त्यो, "मुम्बई का किङ कौन...?"

एकपछि अर्को छाल उठ्दैथ्यो मनको आँखामा। कराएर जवाब दियो मनले "बिक्कु मात्रे...।"

भिक्कु म्हात्रेको खलता त्यसलाई कुनि किन हलभित्रै कुनि कस्तो प्रिय लागिसकेको थियो। त्यो अहिले प्रियतर अझ प्रियतर बन्दै प्रियतम बन्यो।

धमिलो बजारलाई आँखामा अटाएर त्यतिकै गहकिलो र प्रभावशाली ढङ्गमा करायो त्यसको मन – "दार्जिलिङ का किङ कौन...?"

गाला र कन्चटतिर काँडाहरू उम्रिएको र नशाहरूमा रक्तसञ्चार बढेको थाहा गऱ्यो त्यसले।

दुई शब्दको वाक्य जन्मियो त्यसको मनमा। एकछिन छटपटाएर शब्दहरू, जन्मिएको वाक्य मऱ्यो मनभित्रै।

"दार्जिलिङ का किङ कौन...?" म्हात्रेकै लयमा गणेशको मनले आफ्नो प्रश्न दोहोऱ्यायो।

"गणेश साम्पाङ।" मरेका शब्दहरू बौरी उठे।

त्यस निर्जनतामा त्यो मुसुक्क हाँस्यो।

झन्डै-झन्डै त्यसको मन कराएकै लयमा तल बडी मस्जिदमा माइकबाट मग्रिबको नमाजका निम्ति अजान बज्न सुरु भयो। वातावरणमा त्यो ध्वनि तरङ्गित भइन्जेल त्यो त्यहीँ उभिरह्यो।

भानुभवनअघि पुगेको गणेश टक्क अडियो र उँभो महाकालतिर हेरेर दाहिने हातका औँलाहरूले निधार छोयो।

त्यसका ओठहरू हल्ले।

घर पुगेर त्यसले गालीसित भात खायो र सुत्यो।

स्कुल खुलेको दिन एसेम्ब्लीमा साथीलाई खोज्यो सागरले। क्लासमा पनि खोज्यो। अहँ, साथी आएन।

अर्को दिन पनि आएन।

आएन।

आएन।

पर्खिन छाडिसकेको थियो त्यसले। "पढ्दैन अरे," नयाँ साथी दीपेन्द्रले भन्यो सागरलाई।

"कहाँ भेटिस्?" सोध्यो त्यसले।

"हरियो टिका ला'को रै'छ, झन्डा पनि बोकिहालेछ, कराउँदै जाँदैथ्यो जुलुसमा।" मज्जा मानेर बतायो नयाँ साथीले।

पछि दुई-तीनपल्ट हुड नभएको क्लासिक जिपमा केटाहरूसित कता

गइरहेको हो कि कताबाट आइरहेको – देख्यो गणेशलाई सागरले।

चौरस्ताको बेन्चीमा बसेर मसिना नानीहरूले हावामा उडाएको फकुन्डे झरेको उडाएको पो हेरिरहेको थियो। बसेको सागरलाई परैबाट देखेछ त्यसले। साथी भेटेको खुसी अनुहारभरि पोतिएको त्यो छेउमा आयो। हात मिलायो।

"गइनस् स्कुल?" सोध्यो त्यसले साथीलाई।

"आजु गान्धीजयन्ती," बतायो सागरले।

"जाऊँ," भन्यो उभेको गणेशले बसेको साथीलाई।

कता, के नसोधी उठ्यो सागर।

न्यु डिस लगेर खुब खर्च गऱ्यो त्यसले त्यस दिन। घन्टाभर समयमा बीसौँपल्ट पाल्देन दा-को नाम लियो। पाल्देन दा-को बढिबढाइ गऱ्यो।

"ओभ्भर दामी मान्छे छ," बताएर "भेट्छस्?" सोधेर "हिन्न, भेटाइदिन्छु।" भनेर "घिउ छ।" पनि थप्यो।

देखिरहेको पाल्देन भर्खर छुटेको हो भन्ने जान्दथ्यो सागर। त्यस्तो मान्छे कसरी दामी हुन्छ? कसरी घिउ हुन्छ? – त्यसले बुझ्नै सकेन त्यस दिन।

छुट्टिने बेलामा पनि दासित सरलाई भेट्न पार्टी अफिस जानुपर्छ भनेर हात मिलायो गणेशले साथीसित र फसफन हट्टाको तेर्सो लाग्यो। त्यो झऱ्यो ओरियन्टको ओह्रालो जयबङ्गलाको लुगा बेच्नेहरूको कर्कश विज्ञापन सुन्दै र मान्छेहरूसित ठोकिँदै।

जेलबाट छुटेर आएपछि स्थानीय समाजमा पाल्देनको प्रभाव अचानक दस गुना बढेको थियो। त्यसको अनुपस्थितिमा सम्बन्धित विभागले कुनै पनि कामको टेन्डर खोल्दैन भन्ने कुरो धेरैजनालाई थाहा थियो। आशीर्वाद भएर सरको शक्तिशाली हात थियो त्यसको शिरमा। त्यही आशीर्वादले त्यो पुरानो कुनै रजौटाको युवराजसमान भइसकेको थियो। समान के त्यो स्थानीय सन्दर्भमा अघोषित युवराज नै थियो।

टिकट आवन्टनमा सरका विरोधीहरूले पार्टी अफिसकै अघि चाइँदैन कि चाइँदैन भन्ने नारा लगाएर अर्कै नेताका निम्ति टिकटको माग गर्दा सरको पक्षमा अघि आई खुकुरी नचाएर विरोधी नेता र समर्थकहरू सबलाई डाँडा कटाएकै दिन पाल्देनले जनप्रतिनिधि नभई पनि यस ठाउँमा शासन गर्न सक्ने प्रतिभा आफूमा रहेको प्रमाणित गरेको थियो। अघोषित युवराजको सिंहासनसम्म पुग्ने अप्ठ्यारो

कच्चा एक सिँढी चढेको थियो त्यसले।

त्यति भएपछि सरले टिकट नपाउने कुरै थिएन तर सरको विरोध गर्नेहरू कतिजनालाई कुनै युक्तिले पनि सरले आफ्नो पक्षमा ल्याउन सकेनन्। सर विरोधीहरूको निर्मूलन चाहन्थे। साम, दाम, दण्ड, भेद सबै नीति अप्नाए उनले तैपनि उनी आफैसित विश्वस्त हुनै सकेका थिएनन्।

पार्टीभित्र कुनै प्रकारको मतभेद छैन। त्यसो भएको खण्डमा हामी टेबल टक गर्छौं र समस्याको समाधान निकाल्छौं – जनताअधि आएर भने पनि "उठ्छ भने उठोस्, फरफिट गराइदिन्छु," भन्थे आफ्ना कार्यकर्ताहरूलाई सर।

तर विरोधी नेताले घटेका समर्थकहरूसित गएर कचहरीमा नामाङ्कन पत्र भऱ्यो। भरेको दिन सहरको वातावरण बिग्रेला बिग्रेला जस्तो भइहालेको थियो तर चुनाउको अधिसूचनाले प्रशासनलाई अलिक सतर्क गराएको हुँदा मानिसहरूले गरेको सम्भावित अनर्थजस्तो केही भइहालेन।

नामाङ्कन पत्र भरेकै दिन पार्टी अफिसमा मिटिङ गरेर सरहरूले पार्टीबाट विरोधी नेताको साधारण सदस्यतासमेत खारिज गरिएको प्रेस विज्ञप्ति जारी गरे। खबर एक कान दुई कान मैदान भइसकेको थियो। तर हिजो सुनेकै खबर मानिसहरूले भोलिपल्ट समाचार पत्रमा नयाँ शैलीमा पढे।

विथड्र गर्छ र गर्दैन-को सम्भावना व्याप्त थियो गाउँ-सहरमा। नामाङ्कन फिर्ता लिनुपर्ने दिन जति नजिक आउँदैथ्यो सम्भावना गर्छ-को बाक्लिएर गर्दैन-को पात्लिँदैथ्यो।

नामाङ्कन पत्र फिर्ता लिनुपर्ने अन्तिम दिन आयो। गयो।

कतिजनाले विरोधी नेताको हिम्मतलाई 'स्याबास' भने मनमनै।

सुरु सुरुमा समर्थकहरूले साह्रै सुन्दर सपना देख्ने दृष्टि प्रदान गरेका थिए विरोधी नेतालाई। सपना देख्ने तेज दृष्टि यति चाँडो धमिलिन्छ भन्ने उसको कल्पनामा पनि थिएन। दिनदिनै उसका समर्थकहरूलाई अति नै जरुरी कामले अन्यत्र कतै जान पर्दैथ्यो कि त उस्तै जरुरी कामले घर छाड्नै मिलिरहेको थिएन। समर्थकहरू नातागोता र परिवारभित्र सीमित हुँदै गएको ऊ याद गर्दैथ्यो।

क्षेत्रमा व्यक्तिगत प्रभावको आधारमा विश्वस्त भएर, समर्थकहरूले उचाल्दा उचालिएर दलीय अनुशासनदेखि बाहिरिने विरोधी नेतालाई आखिरमा

सरहरूले आफ्नै बुथमा पनि एजेन्ट राख्न असमर्थ बनाइदिए। घरबाट आफ्नो भोट खसाल्नसम्म आयो ऊ बुथमा। कुनि कस्तो असजिलो वातावरणमा केही बेर उभियो। घर गयो स्वास्नी अनि छोरीहरूसित।

जस-जसले उसलाई भोट हालेको कुरामा शङ्का गर्ने सानो ठाउँ पनि थिएन, तिनीहरू पनि सरको विजय जुलुसमा सहभागी बन्न हिँडिसकेका थिए। त्यस दिन जनताबिनाको विरोधी नेताले आफ्नो राजनैतिक परिभाषाको समालोचनामा बितायो।

"त्यसको राजनैतिक जीवन सकियो," भन्न थालिसकेका थिए कतिजना।

नगर्ने अब – भन्न मात्रै सकिरहेको थिएन ऊ आफू पनि।

त्यसपछि केही महिना ऊ सुरुसुरु काममा गयो।

बिस्तारै सहुलियतको अंशबन्डामा हिस्सेदारी नपाउनेहरूमा दलीय नीतिको आलोचना सुरु भइसकेको थियो।

"एसरी चुपो लागेर बसेर काँ हुन्छ र?" भन्न थालिसकेका थिए कतिजना।

भन्नलाई विरोधी नेताकहाँ पनि आउन थाले तिनै कतिजनामध्ये कतिजना एक-दुई एक-दुई गर्दै।

अचानक आएको उसको पेसाप्रतिको इमानदारी अचानक हराउन थाल्यो।

ढलेर, उठेर परसम्म कुदेर फेरि ढलेको भने देख्नेहरूले।

ड्युटीमा डाक्टर घोष थिए अरे, हेरेर नछोई "छोइना," भने अरे।

लासको दाहिने कानको ठिक मुन्तिर फ्वाङ्गै परेको खुकुरीको चोट हेर्न नसक्ने कतिजनाले हेरेनन्।

भोलिपल्ट, पशुपतिबाट पुलिसले पाल्देनलाई पक्रेर ल्याएको हल्ला फैलियो।

हुनत त्यसका निम्ति जेल अरूले सोचेकै जस्तो जेल थिएन यद्यपि हत्याको अभियोगमा पक्रा परेपछि पाल्देनले तीन महिना बिताउनुपऱ्यो जेलमा। सजाय जस्तो थियो, नै थिएन त्यसलाई। त्यस तीन महिनामा आठपल्ट भेट्यो गणेशले त्यसको पाल्देन दालाई। दुईपल्ट कोर्टमा डेटको दिन अनि छपल्ट जेलमै। जेलमा पहिलो महिना तीनपल्ट, दोस्रो महिना दुईपल्ट र अन्तिम महिना मन नगरी नगरी

एउटा खादा बोकेर त्यो त्यसको दालाई ल्याउन जेल पुगेको थियो केटाहरूसित।

त्यस तीन महिना भित्रबाटै बाहिरको गणेशलाई पाल्देनले गर्नैपर्ने आफ्ना कामहरू गरायो। त्यही अवधि त्यसको पाल्देन दाबाट अलिक टाढिनुपर्दा त्यो सरको निक्कै नजिक पुग्यो। त्यही अवधि गणेशले आफूलाई अलिक राम्ररी चिन्यो र आफ्नो महत्त्व पनि बुझ्यो।

जाँदा कोर्टको आँगनमा पुलिसको ठुलो भ्यानमा पस्नअघि गणेशहरूलाई "नब्बे दिन, नब्बे दिनमा निस्किन्छु मो," भनेर गएको विरोधी नेताको हत्याको अभियोगी पाल्देनले आफूलाई मरद र आफ्नो वचनलाई हात्तीको दाँत प्रमाणित गऱ्यो।

वास्तवमा पार्टी अफिसअघि खुकुरी नचाएर हिरो भएकै समयदेखि त्यसले पुरानो त्यो आसे काम छाडेको हो। तर, सिजनमा सिलगढीबाट रेल्वे स्टेसन आइपुगेका पिजोहरूसँग कुदेर सेकेन्ड सिटको खिड्कीमा झुन्डेर टुरिस्ट पट्याइ हुटेलहरूमा पुऱ्याउने ब्रोकर काम गर्ने र भ्याउँदा-भ्याउँदा पार्टीको जुलुसको अघि अघि हिँडेर इसाराले अघिल्तिरबाट आउने गाडीहरूलाई छेउ लाग्ने निर्देश दिई जुलुसलाई बाटो बनाउँदै अघि बढाउने अनि अलिक पछि मिटिङहरूमा नेताहरूको पछिल्तिर मिटिङ नसकिन्जेल नहल्ली उभिरहने पाल्देनलाई यस ठाउँको अघोषित युवराज बनाउने घटना विरोधी नेताको हत्याको अभियोग, कारावास र स्वघोषित मुक्ति नै हुन्।

थोरै समयमा त्यसले नदेखेको के, नसोचेको सम्पत्ति सोहोऱ्यो। सरको ढाल भएर त्यसले आह्सिेहरू जन्माएर सत्तासुख भोग्यो।

हावा डाँडाको पहिरोको कामको रनिङ बिल पास भएको थियो।

सधैँझैँ "कैले हौ दा?" भन्दैथे केटाहरू थाहा पाएदेखि नै।

"आइज न त," भन्दिएको थियो पाल्देनले। तिनीहरू हुटेल क्लासिकमा जुटेका थिए।

"माइनस यु, सर इज नथिङ। हि इज जिरो, जस्ट जिरो।" तोपै पड्काइदिएको थियो एउटाले त्यस दिन।

वातावरण अचानक लाटिएको थियो।

"हो कि होइन?" सोधेर थपेको थियो भन्रेले।

पाल्देनले सचेत गरायो भन्रेलाई त्यस क्षण तर त्यही दिनको राती त्यसले

दिउँसोको 'हो कि होइन?'-को उत्तर पाउनलाई हिसाब गऱ्यो – सरको सिङ्गो सेनाबेनाको लगाम त त्यसकै हातमा छ।

युवराज सधैँ युवराज रहँदैन, प्रत्येक युवराज भोलिको राजा हो भन्ने कुरा त्यसलाई थाहै थिएन। संसर्गले बतायो त्यसलाई यो कुरा।

राजाहरूको सत्तासुख देख्ने त्यसको दृष्टिले राजाहरूको सत्तासुख भोग्ने सपना दियो त्यसलाई।

देख्ने, सुन्ने यही हो भनेर कोही भन्न सक्दैन। घटनास्थलको छेउबाट, घटना भएकै केही क्षणपछि अरेको चैते जङ्गलमा हल्लाको डढेलो फैलियो। –

– घरकै मुन्तिर अरे।

– सडकको छेउ ग्यारिजमा नयाँ गाडी थन्क्याएर, झमक्क साँझ पर्दा सडकदेखि अलिक मास्तिर घरको आँगनकै मुन्तिर पुगेको थियो अरे।

– 'हल्लो दा,' भन्यो अरे पछिल्तिरबाट।

– फर्केर आवाजलाई हेऱ्यो अरे।

– 'ठ्याङ्-ठ्याङ्' दुईपल्ट पड्क्यो अरे।

फाटाकफुटुक पुलिस र मिलिटेरी गाडीहरू अनि झन्डा लगाएका कि रेडक्रसको चिह्न ऐनामा टालेका एक-दुई गाडीहरू कुदैथे सडकमा। पार्टीका केटाहरूले पार्टीको नाममा र तिनीहरूले नै दार्जिलिङे जनताको नाममा पोस्टर टालेर झर्दा नझर्दा भुजा दोकानअघि पोस्टर पढ्नेहरूको भिड लागिसकेको थियो। पोस्टरहरूले प्रशासनलाई हत्यारालाई चाँडो पक्राउ गर्नुपर्ने र दार्जिलिङको पुरानो शान्ति फर्काइल्याउनुपर्ने माग राखेको थियो, बन्द भनेको थिएन तर दोकानहरू एउटै खुलिएको थिएन अझै।

जाऊँ कि फर्कूँको दोधारमा जोरबङ्गलोतिर सडकको छेउ लागेकाहरूमध्ये एउटाले फर्किने निर्णयमा गाडी घुमाएपछि अरू ड्राइभरहरूले पनि सिको गर्न थाले।

नौ बज्दा नबज्दा ब्याट, बल र मसिना डन्ठाहरू बोकी घरबाट निस्केका मसिना केटाकेटीहरूले सडकलाई मैदान बनाइसकेका थिए।

एक बजीतिर दीपेन्द्रले दैलोपछिको काँटीमा लुक्कीमा झुन्डेको पतलुङ

झिक्यो।

"ट्याक्कै पर्दैन," भन्दैथे घरकाहरू।

"एकछिन हौ," भन्यो त्यसले।

घरकाहरू अरू पनि के के भनेर गाली गरेर नजा भन्दैथे। नसुने झैं गरेर त्यो निस्क्यो घरबाट।

के. सी. दे काटेर त्यो मोची लाइनको अघिल्तिर पुग्यो। सधैँको साँघुरो त्यो बाटो त्यसलाई त्यस दिन साह्रै फराकिलो लाग्यो।

त्यहीँबाट त्यसले त्यस दिन तलका बन्द बाटाको जुत्ता दोकान, धागो दोकान, दोकानअघिल्तिर बसेका नाम्ले अनि उभेका होमगार्डहरू पनि देख्यो।

देख्यो, तलबाट ज्याकेटको गोजीमा दुइटै हात हालेको, कुम उचालेको, टाउको निहुराएको सागरजस्तो उँभो आउँदैछ।

सागर उँभै आउँदैछ।

"कता?" छेउ आइपुगेको साथीलाई सोध्यो दीपेन्द्रले।

अझै छेउ आएर भन्यो साथीले दीपेन्द्रलाई, "जोरथाङमा सिक्किम पुलिसले पक्र्यो अरे भन्दैछ।"

"कसलाई?"

"गणेशलाई।"

अचम्म लागेको थियो दीपेन्द्रलाई सुनेर। "लौ! त्यसलाई चैँ किन नि?" मानेर भन्यो त्यसले।

"अरू को हुन्छ? त्यै हो नि।" देखेकैले जस्तो बतायो त्यसले साथीलाई। साथी पक्रा परेको दुख अलिकति पनि मिसिएको थिएन भनाइमा।

"अन्त तँ चै किन निस्केको यस्तो बेलामा?" सोध्यो दीपेन्द्रले।

"माथि" मुन्टो माथितिर फर्काएर "बोलाइपठाएछ," भन्यो त्यसले र थप्यो स्वरलाई अझै प्रभावी बनाएर, "पाटी अफिसमा, सरले।"

दीपेन्द्रले साथीको अनुहारमा हेऱ्यो – त्यस क्षणमा नहुनुपर्ने उज्यालो र उत्साह थियो अनुहारमा।

"हिंड् न जाऔँ," भन्यो सागरले साथीलाई।

"जानु र?" आफैंलाई जस्तो पनि सोध्यो दीपेन्द्रले। सोधाइमा जाने इच्छा-अनिच्छाको दुवै भाव मिसिएको थियो।

यसपल्ट "हिंड् न" मात्रै भन्यो सागरले।

"हैन, म नजाने, तँ जा..." सुनेपछि सागरले हिंड्न सुरु गरिसकेको थियो।

...भनेर दीपेन्द्र क्षणभर त्यहीँ उभिरह्यो।

"एई, पर्खी,"अलिक मास्तिर पुगेको उँभो गइरहेको साथीलाई हेरेर भन्यो त्यसले अनि माथि पुग्नलाई खुल्ला बाटोमा अघि अघि हिँडिसकेको सागरको पछि लाग्यो दीपेन्द्र पनि।

❑